# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur


मिति: २०८०/०७/१४

**चलानी नं.** .................

श्री क्याम्पस प्रमुखज्यू/विभागीय प्रमुखज्यू/कार्यक्रम संयोजकज्यू,
सम्बन्धित सम्पूर्ण आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पसहरू/
केन्द्रीय विभागहरू तथा स्नातकोत्तर कार्यक्रमहरू,
त्रिभुवन विश्वविद्यालय ।

**विषय: स्नातकोत्तर तहको शोधपत्र सम्बन्धी निर्णय पठाइएको बारे ।**

त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गतको विद्यापरिषद्को मिति २०८०/०३/२७ को बैठकबाट स्नातकोत्तर तहको शोधपत्र सम्बन्धमा देहाय बमोजिमको निर्णय भएकाले आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

- चौथो सेमेस्टरको परीक्षा फाराममा अन्य विषय सरह शोधपत्र भरेको हुनुपर्ने,
- शोधपत्र चौथो सेमेस्टरको एउटा पेपर भएकाले उक्त सेमेस्टरको पठनपाठनसँगै शोधकार्य आरम्भ गर्नुपर्ने,
- सम्बन्धित क्याम्पस/विभागमा शोधपत्रको Viva चौथो सेमेस्टरको सत्रान्त परीक्षा सम्पन्न भएपछि गर्नुपर्ने र Viva भएको मितिले बढीमा एक महिनाभित्र अनिवार्य रुपमा डीन कार्यालमा प्राप्ताङ्क पठाइसक्नुपर्ने,
- चौथो सेमेस्टरको सत्रान्त परीक्षाको नतिजा प्रकाशित मितिले ९० दिनभित्र शोधपत्रको Viva गरेमा मात्रै नियमित विद्यार्थी मानिने र चौथो सेमेस्टरको परीक्षा फाराम भर्नु अगाडि शोधकार्य नसकेमा विद्यार्थीहरूले शोधपत्रका निमित्त पनि आंशिक विद्यार्थी सरह पुनः परीक्षा फाराम भर्नुपर्ने,
- नेपाली भाषामा लेखिएको शोधपत्रमा विद्यार्थीको नाम, विषय, शोधशीर्षक रोमन लिपिमा र शोधपत्र बुझाएको मिति, Viva मिति अनिवार्य रुपमा ई.सं. मा लेखिएको हुनुपर्ने,
- क्याम्पस/विभागहरूले विद्यार्थीहरूलाई शोधकार्य गराउँदा सम्बन्धित विषयको क्षेत्रभित्रबाट शोधपत्रको शीर्षक छनौट गराउनुपर्ने,
- स्नातकोत्तर तहको शोधपत्र Reference वाहेक न्यूनतम ६० पृष्ठ हुनुपर्ने र शोधपत्रमा निम्न उल्लेखित विषयवस्तु समावेश भएको हुनुपर्ने,

  I. Introduction


कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोन: +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np


CamScanner

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं


Faculty of Humanities and Social Sciences Dean's Office T.U. Kirtipur

चलानी नं. ..................

II. Review of Literature
III. Research Methodology
IV. Presentation and Analysis
V. Summary, Findings and Conclusion
VI. References
VII. Appendix

- शोधपत्रको Viva का निमित्त बाह्य परीक्षक सम्बन्धित विभाग/क्याम्पसमा कार्यरत बाहेक अन्य विभाग/क्याम्पसमा कार्यरत स्थायी शिक्षक हुनुपर्ने,
- शोधनिर्देशक हुनका लागि स्नातकोत्तर तहमा कम्तीमा एक वर्ष प्राध्यापन गरेको हुनुपर्ने,
- १०० पूर्णाङ्कमा ८९ भन्दा बढी अङ्क दिँदा विषेशज्ञबाट आधार खुलाई सम्पूर्ण सर्तहरु पूरा भएको हुनुपर्ने र उल्लिखित सर्तहरु पूरा नभएमा डीन कार्यालयबाट सम्बन्धित विषय समितिको राय लिई प्राप्ताङ्क परिमार्जन समेत गरिने,
- प्राप्ताङ्क पठाउँदा डीन कार्यालयको नाममा रु. ५००/- का दरले शुल्क सहित एक प्रति Hard Copy र त्यसको Soft Copy (CD मा) सहित केन्द्रीय विभागका हकमा विभागीय प्रमुख र क्याम्पसहरूका हकमा क्याम्पस प्रमुखको हस्ताक्षर सहितको Covering Letter मार्फत गोप्य रुपमा पठाएको हुनुपर्ने,
- शोधपत्रको प्राप्ताङ्क उल्लेखित पत्रमा शोध निर्देशक र वाह्य परीक्षकको नाम, पद र हस्ताक्षर अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्ने,
- विद्यार्थीको प्राप्ताङ्क पठाउँदा निम्नानुसार GPA र Grade Point स्पस्ट उल्लेख गरेको हुनुपर्ने

| Marks | Below 50 | 50 - 59.9 | 60 - 69.9 | 70 - 79.99 | 80 - 89.9 | 90 and above |
|---|---|---|---|---|---|---|
| GPA | 0.0 | 2.7 | 3.0 | 3.3 | 3.7 | 4.0 |
| Grade Letter | F | B- | B | B+ | A- | A |

- नेपाली, हिन्दी भाषा लगायतका विषयमा लेखिएका शोधपत्र युनिकोड लिपिमा कन्भर्ट गरी र अङ्ग्रेजी भाषामा लेखिएका सबै शोधपत्रहरू बौद्धिक चोरी परीक्षण (Plagiarism Test) गरी बुझाउनुपर्ने ।

..................................
प्रा.डा. ताराप्रसाद भुसाल
सहायक डीन


कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np


CamScanner